नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

पत्र संख्या:
चलानी नं.

सिंहदरवार
काठमाडौँ, नेपाल।

प्रकाशन मितिः वि.स. २०८३/०६/१२ सोमवार
नेपाल सम्वत् ११४६, जलागा द्वितीया

## सरोकारवाला र सर्वसाधारणको लागि राय माग गरिएको सम्बन्धमा

# सूचना

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको छ । प्रस्तुत विधेयकको मस्यौदा उपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभावका सम्बन्धमा सम्वन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो मस्यौदा उपर तपसिलमा उल्लिखित ढाँचामा Email: legal@mosti.gov.np र mahabir.pun@mosti.gov.np ठेगानामा ७ (सात) दिन भित्र आफ्नो राय तथा सुझाव/प्रतिक्रिया उपलव्ध गराइदिनु हुन सरोकारवाला सबै र सर्वसाधारण समक्ष सादर अनुरोध छ ।

तपसिल

राय, सुझाव/परामर्श ढाँचा:

| क्र.सं. | प्रस्ताविक नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदाको व्यवस्था | दफा र उपदफा | राय, सुझाव/ परामर्श | पुष्टयाई |
|---|---|---|---|---|
| | | | | |

फोन नं. : ०१-४२००५३९ र ०१-४२००५४०
वेबसाइट : www.mosti.gov.np Email: info@mosti.gov.np

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## " नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"

## तर्जुमा गर्नुपर्ने कारण र त्यसले पार्ने प्रभाव

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सरोकारवाला र सर्वसाधारणको राय, सुझाव/परामर्शको लागि नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयद्वारा नेपालमा अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनलाई एकीकृत एवं सुदृढ बनाउन " नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"को मस्यौदा तयार गरिएको छ । सो मस्यौदा सर्वसाधारण तथा सरोकारवालाहरूको राय-सुझावका लागि मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको परिप्रेक्ष्यमा पेश गरिएको विधेयक तर्जुमा गर्नुपर्ने कारण र त्यसले पार्ने प्रभाव देहाय बमोजिम छः

(१) कुन सम्स्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारण यस प्रकार छन्:

- हालको कानुनको अपर्याप्तताः हाल कायम रहेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ पुरानो भइसकेको र आधुनिक नवप्रवर्तन, प्रविधि अनुकूलन तथा डिजिटल युगका आवश्यकताहरूलाई सम्बोधन गर्न नसक्ने भएकाले नयाँ ऐन आवश्यक परेको छ।
- प्रतिभा पलायन (Brain Drain): स्वदेश तथा विदेशमा रहेका प्रतिभावान नेपाली वैज्ञानिक, अनुसन्धानकर्ता र नवप्रवर्तकहरूलाई आकर्षित गर्न र उनीहरूको ज्ञान/सीप देश हितमा परिचालन गर्न (ब्रेन गेन इकाई मार्फत) स्पष्ट कानुनी संरचनाको अभाव थियो।
- नवप्रवर्तन र ग्रासरुट प्रविधिको प्रवर्द्धनः औपचारिक शैक्षिक डिग्री नभएका तर परम्परागत ज्ञान र सीपमा दक्ष व्यक्तिहरू (प्रविधि-प्रवीण) तथा नवीन सोच भएका युवाहरूलाई राज्यको मूलधारमा जोडी अनुसन्धानलाई व्यावहारिक उत्पादन र सेवामा रूपान्तरण गर्न।

(२) विधेयकको व्यवस्थावाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

- अभिव्यक्ति तथा प्राज्ञिक स्वतन्त्रताः विधेयकले प्रज्ञा-प्रतिष्ठानलाई पूर्ण प्राज्ञिक स्वायत्तता (Academic Autonomy) प्रदान गरेको छ। यसबाट वैज्ञानिकहरूलाई निष्पक्ष अन्वेषण र निष्कर्ष सार्वजनीकरण गर्ने अधिकारको प्रत्याभूति हुन्छ,
- रोजगारी र जीविकोपार्जनको हकः नवीन प्रविधि, स्थानीय ज्ञानको प्रवर्द्धन र प्रविधि हस्तान्तरणले मुलुकभित्र नयाँ उद्यमी तथा रोजगारीका अवसरहरू सिर्जना गरी जीवनस्तर सुधारमा प्रत्यक्ष योगदान पुर्याउनेछ,
- समानता र समावेशीकरणको हकः सदस्यता, नियुक्ति तथा अनुसन्धान अनुदानमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रको समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएको,

- अनुसन्धानमा सूचित सहमति तथा गोपनीयता हुने,
- महिला, विपन्न, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायको प्रविधिमा पहुँच हुने,
- कृत्रिम बुद्धिमत्ता तथा अन्य उदीयमान प्रविधिको प्रयोग बढने,
- अनुसन्धान आचारसंहिता तथा स्वार्थको द्वन्द्व नियन्त्रणजस्ता विषयलाई समेत महत्व दिएको छ । बजेट, अनुदान आह्वान, मूल्याङ्कन मापदण्ड, सफल अनुदानग्राही तथा परियोजनाको सार्वजनिक प्रकाशन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

(३) <u>विधेयकको प्रभावबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव</u>

- **लागत र व्ययभारः** प्रतिष्ठानको स्थापना, नयाँ संरचना (ब्रेन गेन केन्द्र, व्यावहारिक विज्ञान अनुसन्धान केन्द्र), जनशक्ति व्यवस्थापन तथा वैज्ञानिक अनुसन्धानका लागि सरकारी कोषबाट नियमित तथा विशेष अनुदानको आर्थिक दायरा थपिनेछ,
- **राजस्व तथा कर छुटः** वैज्ञानिक उपकरण, सवारी साधन तथा अनुसन्धान सामग्री आयातमा भन्सार तथा कर छुटको व्यवस्था छ। साथै, रोयल्टी तथा प्रविधि बिक्रीबाट प्राप्त आम्दानीमा आयकर सम्बन्धी विशेष सुविधा रहनेछ।
- **आर्थिक प्रतिफलः** स्वदेशी प्रविधि विकास, बौद्धिक सम्पत्तिको संरक्षण/व्यावसायीकरण र प्रविधि हस्तान्तरणले दूरगामी रूपमा मुलुकको आर्थिक वृद्धिमा सकारात्मक योगदान दिनेछ।

(४) <u>विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः</u>

- विज्ञान, प्रविधि तथा नवप्रवर्तन दिगो विकासका लगभग सबै क्षेत्रमा उपयोगी छन्। विधेयकले विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई दिगो विकासका लक्ष्यसँग जोड्ने संस्थागत आधार निर्माण गर्न सहयोग गर्नेछ,
- उन्नति र पूर्वाधार (SDG 9): उद्योग, नवप्रवर्तन र पूर्वाधार विकासमा प्रत्यक्ष सहयोग पुग्ने गरी अनुसन्धान र प्रविधि विकास (R&D) लाई प्राथमिकता दिइएको छ,
- गुणस्तरीय शिक्षा र जनशक्ति (SDG 4): फेलोसिप, युवा वैज्ञानिक प्रवर्द्धन, विद्यावारिधि सुपरिवेक्षण र उच्चस्तरीय अनुसन्धान वातावरणले मानव पुँजी निर्माणमा मद्दत गर्दछ,
- साझेदारी (SDG 17): राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान संस्था र उद्योगहरूसँग सहकार्य र सञ्जाल निर्माण गर्ने लक्ष्य राखिएको छ।

(५) <u>विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः</u>

- **पारदर्शिता र सदाचारः** पदाधिकारीहरूले स्वार्थको द्वन्द्व (Conflict of Interest) घोषणा गर्नुपर्ने र सम्पत्ति विवरण पेश गर्नुपर्ने व्यवस्था गरिएको छ,

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

- **जवाफदेही र लेखापरीक्षण:** आन्तरिक लेखापरीक्षण इकाई, लेखापरीक्षण समिति र महालेखा परीक्षकबाट अन्तिम लेखापरीक्षण हुने कडा वित्तीय अनुशासनको व्यवस्था छ,
- **सूचनाको हक र बाह्य समीक्षा:** प्रत्येक वर्ष बाह्य विज्ञ टोलीबाट स्वतन्त्र कार्यसम्पादन समीक्षा गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने पारदर्शी प्रावधान राखिएको छ।

(६) <u>विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग:</u>

- नेपाल जलवायु परिवर्तन तथा प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक भएकाले विज्ञानमा आधारित जलवायु अनुसन्धान आवश्यक छ,
- प्रस्तावित विधेयक कार्यान्वयनबाट:
- वातावरणीय अनुसन्धान: वातावरण, विपद् तथा महामारी सम्बन्धी जोखिमहरू सम्बोधन गर्न वैज्ञानिक अनुसन्धान र विशेषज्ञ परामर्श उपलब्ध गराउने जिम्मेवारी प्रतिष्ठानलाई दिइएको छ।
- हरित प्रविधि र अनुकूलन: स्थानीय परिस्थितिसँग अनुकूल हुने स्वच्छ, वातावरणमैत्री र हरित प्रविधिको परीक्षण, अनुकूलन तथा विस्तारलाई प्राथमिकता दिइएको छ।

(७) <u>अन्य आवश्यक विषय:</u>

- बौद्धिक सम्पत्ति (IP block): अनुसन्धानबाट सिर्जित बौद्धिक सम्पत्तिको स्वामित्व, प्रयोग र लाभको बाँडफाँट सम्बन्धी स्पष्ट नीतिको व्यवस्था,
- अनुसन्धान नैतिकता (Research Ethics): जैविक सुरक्षा तथा मानव/पशु सम्बन्धी अनुसन्धानका लागि अनुसन्धान नैतिकता समितिको पूर्वस्वीकृति अनिवार्य गरिएको छ,
- संक्रमणकालीन व्यवस्था: ऐन लागू भएको ६ महिनाभित्र प्राज्ञ सभाको निर्वाचन र पदाधिकारी नियुक्ति गरिसक्नुपर्ने समयसीमा निर्धारण गरिएको छ,
- मस्यौदाले विज्ञान तथा प्रविधिलाई आर्थिक विकास र सामाजिक रुपान्तरणको मेरुदण्डका रुपमा अङ्गिकार गरी अनुसन्धान, विकास तथा नवप्रवर्तनको प्रवर्द्धनका लागि एक अधिकार सम्पन्न राष्ट्रिय निकायका रुपमा नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने गर्ने उद्देश्य राखिएको छ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**प्रस्तावना :** विज्ञान तथा प्रविधिलाई आर्थिक विकास र सामाजिक रुपान्तरणको मेरुदण्डका रुपमा अङ्गिकार गरी अनुसन्धान, विकास तथा नवप्रवर्तनको प्रवर्द्धनका लागि एक अधिकार सम्पन्न राष्ट्रिय निकायका रुपमा नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको संक्षिप्त नाम "नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान ऐन, २०८३" रहेको छ।

(२) यो ऐन नेपाल राजपत्रमा प्रकाशन भएको मितिले लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा १८ बमोजिम नियुक्त प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष सम्झनुपर्छ।

(ख) "आबद्ध युवा" भन्नाले प्रज्ञा-प्रतिष्ठानसित आबद्ध भई वैज्ञानिक अनुसन्धान, प्रविधि विकास वा नवप्रवर्तनमा संलग्न ४० वर्ष मूनिका व्यक्ति सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले दफा २० बमोजिम नियुक्त प्रज्ञा-प्रतिष्ठानका उपाध्यक्ष सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले यो "नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान ऐन, २०८३" सम्झनुपर्छ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले दफा १५ बमोजिम गठित प्रज्ञा-प्रतिष्ठानको कार्यकारी परिषद् सम्झनुपर्छ।

(च) "केन्द्र" भन्नाले यस ऐनबमोजिम स्थापित केन्द्र सम्झनुपर्छ।

(छ) "कोष" भन्नाले दफा ३२ बमोजिमको प्रज्ञा-प्रतिष्ठानको कोष सम्झनुपर्छ ।

(ज) "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधिमा तोकिएबमोजिम सम्झनुपर्छ।

(झ) "नवप्रवर्तन" भन्नाले नयाँ वा विद्यमान ज्ञान, सोच, विधि, प्रविधि, उत्पादन, सेवा वा प्रक्रियालाई नयाँ वा सुधारिएको रूपमा सिर्जना, विकास, प्रयोग वा रूपान्तरण गरी आर्थिक, सामाजिक, वातावरणीय वा सार्वजनिक हितका लागि उपयोगी मूल्य वा परिणाम सिर्जना गर्ने प्रक्रिया वा त्यसबाट प्राप्त उपलब्धि सम्झनु पर्छ।

(ञ) "प्रविधि-प्रवीण" भन्नाले विश्वविद्यालयको औपचारिक डिग्री नभएका स्व-अध्ययनबाट परम्परागत ज्ञान र प्रविधिमा दक्ष रही उत्कृष्ट योगदान पुऱ्याएका अनुभवी व्यक्ति सम्झनुपर्छ।

(ट) "प्रज्ञा-प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्झनुपर्छ ।

(ठ) "प्राज्ञ सभा" भन्नाले दफा १२ बमोजिमको प्राज्ञ सभा सम्झनुपर्छ।

(ड) "प्राज्ञ" भन्नाले यस ऐन बमोजिम नियुक्त वा मनोनित प्राज्ञ सदस्य सम्झनुपर्छ ।

(ढ) "ब्रेन गेन इकाई" भन्नाले देश-विदेशमा रहेका नेपाली तथा गैरआवासीय नेपाली वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा अन्य विशेषज्ञको ज्ञान, सीप, अनुभव र विशेषज्ञतालाई राष्ट्रिय हितमा आकर्षित, परिचालन, पुनःसंलग्न तथा आदानप्रदान गर्न स्थापित प्रज्ञा-प्रतिष्ठान अन्तर्गतको इकाई सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद-२

## प्रज्ञा-प्रतिष्ठानको स्थापना

३. **प्रज्ञा-प्रतिष्ठानको स्थापनाः** (१) नेपालमा विज्ञान, प्रविधि विकास, अध्ययन, अनुसन्धान तथा नवप्रवर्तनको क्षेत्रमा काम गर्न नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान रहने छ।

(२) प्रज्ञा-प्रतिष्ठानलाई अङ्ग्रेजी भाषामा "नेपाल एकेडेमी अफ साइन्स, टेक्नोलोजी एण्ड इनोभेसन" भनिनेछ र छोटकरीमा "नास्टी" भनिनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(४) प्रज्ञा-प्रतिष्ठानले प्रचलित कानून तथा प्राज्ञ सभाको स्वीकृतिमा शाखा वा अन्य निकाय स्थापना गर्न सक्नेछ।

४. **प्रज्ञा-प्रतिष्ठान स्वशासित संस्था हुनेः** (१) प्रज्ञा-प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, सङ्गठित र वैज्ञानिक उत्कृष्टताको केन्द्रको रूपमा स्थापित संस्था हुनेछ।

(२) प्रज्ञा-प्रतिष्ठानको सबै कामकारबाहीका निम्ति आफ्नो एउटा छुट्टै छाप र लोगो हुनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानले व्यक्तिसरह चल तथा अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, प्रविधि विकास र उत्पादन गर्न, बेचबिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ।

(४) प्रज्ञा-प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट मुद्दा-मामिला गर्न, नालिस उजुर गर्न सक्नेछ र आफूउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) प्रज्ञा-प्रतिष्ठानले आफ्नो वैज्ञानिक निष्कर्ष, स्वतन्त्र वैज्ञानिक राय, प्रतिवेदन र अन्य प्राज्ञिक क्रियाकलापको सम्पादन, प्रकाशन र सार्वजनिकीकरण गर्दा पूर्ण प्राज्ञिक स्वायत्तता उपभोग गर्नेछ र यसमा कुनै पनि निकायले हस्तक्षेप गर्न पाउने छैन।

५. <u>प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार:</u> प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा आधारभूत वैज्ञानिक अन्वेषण तथा अनुसन्धान गर्ने गराउने; र सो ज्ञानलाई उपयोगी एवं उपयुक्त प्रविधि विकासमा उपयोग गर्ने;

(ख) स्वदेशी, परम्परागत, स्थानीय तथा सीपमा आधारित ज्ञान, प्रविधि तथा पद्धतिको अन्वेषण, अनुसन्धान, संरक्षण, विकास, आवश्यक आधुनिकीकरण, अनुकूलन तथा प्रवर्द्धन गर्ने;

(ग) राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू तथा राष्ट्रिय सुरक्षा र सार्वजनिक हितका लागि रणनीतिक तथा फ्रन्टियर प्रविधिको अनुसन्धान र विकास गर्ने;

(घ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा प्रतिभाशाली वैज्ञानिक, अनुसन्धानकर्ता तथा नवप्रवर्तकको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गर्ने र फेलोसिप, विद्वतवृत्ति तथा अन्य अवसर उपलब्ध गराउने;

(ङ) देश तथा विदेशमा रहेका नेपाली, गैरआवासीय नेपाली तथा विदेशी वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता तथा नवप्रवर्तकको ज्ञान, सीप, अनुभव तथा विशेषज्ञतालाई राष्ट्रिय हितमा आकर्षित, परिचालन तथा आदानप्रदान गर्न आधारभूत विज्ञान अनुसन्धान तथा ब्रेन गेन केन्द्रको रुपमा विकास गर्ने;

(च) सिर्जनशील विचार, आविष्कार तथा नवीन प्रविधिको विकास, परीक्षण, प्रदर्शन, विस्तार तथा व्यावसायीकरणलाई प्रवर्द्धन गर्न व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापित गर्ने र ग्रासरुट नवप्रवर्तन, प्रविधि अनुकुलन र अनुसन्धान तथा विकासका काम गर्ने;

(छ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषयमा अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित वैज्ञानिक र नीतिगत परामर्श गर्ने तथा राष्ट्रिय प्रविधि पूर्वदृष्टि, ब्लुप्रिन्ट, विज्ञान श्वेतपत्र तथा अन्य नीतिगत दस्तावेज तयारी तथा प्रकाशन गर्न मन्त्रालयलाई पृष्ठपोषण दिने;

(ज) विपद्, महामारी, वातावरणीय समस्या तथा अन्य आकस्मिक अवस्थामा राज्यलाई वैज्ञानिक सहयोग, समन्वय तथा विशेषज्ञ परामर्श उपलब्ध गराउने;

(झ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी गोष्ठी, अन्तरक्रिया, वैज्ञानिक आदानप्रदान, प्रकाशन तथा विज्ञान लोकप्रियकरणका कार्यक्रम सञ्चालन गर्ने तथा वैज्ञानिक तथा प्राविधिक उपलब्धिको सम्मान, संरक्षण र अभिलेखीकरण गर्ने;

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैज्ञानिक तथा प्राविधिक निकाय, विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग तथा अन्य संस्थासँग सहकार्य, साझेदारी, सम्झौता तथा ज्ञान, प्रविधि र अनुसन्धान परियोजनाको विकास तथा सञ्चालन गर्ने;

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतबाट अनुदान, सहयोग, परियोजना तथा अन्य वैध स्रोत प्राप्त गरी प्रचलित कानूनबमोजिम परिचालन गर्ने;

(ठ) सरकारबाट तोकिएका र प्रज्ञा-प्रतिष्ठानको उद्देश्यसँग सम्बन्धित विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी अन्य आवश्यक कार्य गर्ने;

(ड) प्रज्ञा-प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न आवश्यक कार्यक्रम, परियोजना तथा संस्थागत संयन्त्र स्थापना र सञ्चालन गर्ने।

## परिच्छेद-३

## संगठनात्मक स्वरुप, पदाधिकारी र प्राज्ञ तथा प्रविधि प्रवीण सदस्य सम्बन्धी व्यवस्था

६. **प्रज्ञा-प्रतिष्ठानको संगठनः** प्रज्ञा-प्रतिष्ठानको संगठनात्मक स्वरुप देहाए बमोजिम हुनेछ :-

(क) प्राज्ञ सभा,

(ख) कार्यकारी परिषद,

(ग) ब्रेन गेन तथा आधारभूत विज्ञान अनुसन्धान केन्द्र,

(घ) व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र,

(ङ) अन्य निकायहरू

७. **पदाधिकारीहरू:** प्रज्ञा-प्रतिष्ठानमा देहाय बमोजिमका पदाधिकारीहरू रहने छन् :-

(क) संरक्षक/सभापति (मन्त्री)

(ख) अध्यक्ष

(ग) उपाध्यक्षहरू

(घ) तोकिएका अन्य पदाधिकारीहरू

८. **प्राज्ञ तथा प्रविधि प्रवीण सदस्य:** (१) प्राज्ञ सभामा देहाय बमोजिमका प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यहरू रहनेछन् :-

(क) प्राज्ञ सदस्य,

(ख) अभिभावकीय प्राज्ञ सदस्य,

(ग) मानार्थ प्राज्ञ सदस्य,

(घ) प्रविधि-प्रवीण सदस्य,

(ङ) आवद्ध युवा प्राज्ञ सदस्य,

(२) उपदफा (१)को खण्ड (क) बमोजिमको प्राज्ञ सदस्य ६६ जना, खण्ड (घ) बमोजिमको प्राज्ञ सदस्य १५ जना र खण्ड (ङ) बमोजिमको प्राज्ञ सदस्य ३० जना गरी कूल १११ जना रहनेछन्।

(३) उपदफा (१) बमोजिमको प्राज्ञ सदस्य हुनको लागि देहायको योग्यता पुगेको हुनुपर्नेछ।

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट विज्ञान तथा प्रविधि विषयमा विद्यावारिधि वा सोसरहको योग्यता र सम्बन्धित विषयमा कम्तीमा १५ वर्षको अनुभव हासिल गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासमा उल्लेखनीय योगदान गरेको।

(ख) प्राज्ञ सदस्यको हकमा सत्तरी वर्ष ननाघेको, आबद्ध युवा प्राज्ञ सदस्यको हकमा चालीस वर्ष ननाघेको हुनुपर्नेछ तर प्रविधि प्रवीण सदस्यको हकमा भने उमेरको कुनै बन्देज हुने छैन।

(ग) कानूनीरुपमा योग्य ठहरिएको ।

नेपाल सरकार, शिक्षा, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(४) उपदफा (१)को खण्ड (क) बमोजिमको प्राज्ञ सदस्यहरू सत्तरी वर्ष उमेर पुगेपछि स्वतः खण्ड (ख) बमोजिमको सम्मानित अभिभावकीय प्राज्ञ सदस्य हुनेछन् ।

(५) विज्ञान, प्रविधि वा नवप्रवर्तनको क्षेत्रमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा असाधारण ख्याति प्राप्त नेपाली, गैरआवासीय नेपाली वा विदेशी नागरिकलाई प्रज्ञा-प्रतिष्ठानले उपदफा (१)को खण्ड (ग) बमोजिम मानार्थ प्राज्ञ सदस्यमा मनोनयन गर्न सक्नेछ ।

(६) विश्वविद्यालयबाट औपचारिक शिक्षा प्राप्त गरेका/नगरेका, परम्परागत ज्ञान र प्रविधिमा संलग्न भई उत्कृष्ट योगदान पुऱ्याएका अनुवभी एवं दक्ष व्यक्तिहरूलाई उपदफा (१)को खण्ड (घ) बमोजिम प्रविधि प्रवीण सदस्यमा मनोनयन गर्न सकिनेछ ।

(७) चालीस वर्ष उमेर मुनिका विज्ञान, प्रविधि वा नवप्रवर्तनको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका वा पुऱ्याउने सम्भावना भएका उदीयमान वैज्ञानिक, अनुसन्धानकर्ता, प्राविधिज्ञलाई उपदफा (१)को खण्ड (ङ) बमोजिम आवद्ध युवा सदस्यमा मनोनयन गर्न सकिनेछ ।

(८) प्राज्ञ-सभाको निर्वाचनमा प्राज्ञ सदस्य, प्रविधि-प्रवीण सदस्य र आबद्ध युवा प्राज्ञ सदस्यहरू मात्रले मतदान गर्न पाउने छन् ।

(९) आवद्ध युवा प्राज्ञ र प्रविधि प्रवीण सदस्यहरूको कार्यकाल पाँच वर्षको हुनेछ।

९. <u>प्राज्ञ, आबद्ध युवा र प्रविधि प्रवीण सदस्यहरूको मनोनयनः</u> (१) दफा ६ बमोजिमका प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यहरूको मनोनयन समकक्षी समीक्षा प्रणालीद्वारा हुनेछ :-

(२) उपदफा (१) बमोजिमका प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यहरूको छनौटका लागि सभापतिले सम्बन्धित विधाको प्राज्ञ सदस्यको संयोजकत्वमा प्राज्ञ सदस्य र विज्ञ सदस्य सहितको पाँच सदस्यीय छनौट तथा सिफारिस समितिको गठन गर्नेछ।

(३) प्रत्येक प्राज्ञ, आबद्ध युवा तथा प्रविधि प्रवीण सदस्यहरूले योग्यता पुगेका कुनै तीन जनाको नाम गोप्य रुपमा छनौट तथा सिफारिस समिति सक्षम पेश गर्नेछन्।

(४) सिफारिस भई आएका नामहरू मध्य् छनौट तथा सिफारिस समितिले योग्यता, अनुभव तथा योगदानको आधारमा छानबिन गरी अनुमोदनका लागि प्राज्ञ सभा समक्ष पेश गर्नेछ ।

(५) छनौट तथा सिफारिस समितिका सदस्यले आफ्नो स्वार्थ रहेको उम्मेदवारको मूल्याङ्कन र सिफारिसमा भाग लिन पाउने छैनन्।

(६) प्राज्ञ सदस्य, आबद्ध युवा तथा प्रविधि प्रवीण सदस्य छनौटको विधि र मापदण्ड प्राज्ञ सभाले निर्धारण गरे बमोजिम हुनेछ।

वीर पुन

१०. <u>आचरण र आचारसंहिता:</u> (१) प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यले तोकिएको आचरण, नैतिकता र आचारसंहिताको पालना गर्नुपर्नेछ।

(२) प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यले पालन गर्नुपर्ने आचरण, नैतिकता र आचारसंहिता प्रचलित कानुनले तोकिए बाहेक प्राज्ञ सभाले तोके बमोजिम हुनेछ।

११. <u>प्राज्ञ, आबद्ध युवा तथा प्रविधि प्रवीण सदस्यको काम, कर्तव्य र अधिकार:</u> प्राज्ञ तथा प्रवधि प्रवीण सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका आवश्यक दीर्घकालीन नीति, योजना र कार्यक्रम तर्जुमा गर्न तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्न प्रज्ञा-प्रतिष्ठानलाई मार्गदर्शन तथा सल्लाह-सुझाव दिने;

(ख) उच्चस्तरीय वैज्ञानिक तथा प्राविधिक अनुसन्धान गर्ने वा त्यस्ता अनुसन्धान कार्यक्रममा सहभागी, नेतृत्व र सुपरिवेक्षण गर्ने;

(ग) प्रज्ञा-प्रतिष्ठानका बैठकहरूमा सक्रिय सहभागिता जनाउने, विचार तथा प्रस्ताव प्रस्तुत गर्ने र निर्णय प्रक्रियामा भाग लिने;

(घ) प्राज्ञिक विषयमा छलफल गर्ने, कार्यपत्र प्रस्तुत गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा प्रज्ञा-प्रतिष्ठानको प्रतिनिधित्व गर्ने;

(ङ) समाजमा वैज्ञानिक दृष्टिकोण, चिन्तन र चेतना फैलाई वैज्ञानिक संस्कारको अभिवृद्धि गर्न योगदान पुऱ्याउने;

(च) वैज्ञानिक लेख, शोधपत्र तथा प्रकाशन प्रकाशित गर्ने र युवा वैज्ञानिक, अनुसन्धानकर्ता र नवप्रवर्तकलाई मार्गदर्शन गर्ने;

(छ) प्रज्ञा-प्रतिष्ठानको वैज्ञानिक खोज, प्रविधि विकास तथा नवप्रवर्तनसम्बन्धी कार्यमा सहयोग गर्ने;

(ज) प्राज्ञ सभाले तोकेका अन्य काम गर्ने।

## परिच्छेद-४

## <u>प्राज्ञ सभा सम्बन्धी व्यवस्था</u>

१२. <u>प्राज्ञ सभा गठन:</u> (१) प्रज्ञा-प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहनेछ।

(२) प्राज्ञ सभा गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री ........................................................................ सभापति

(ख) अध्यक्ष ........................................................................ सदस्य

(ग) उपाध्यक्ष ........................................................................ सदस्य

(घ) विश्वविद्यालयका उप-कुलपतिहरूमध्येबाट तीन जना ........................................ सदस्य

महावीर पुन

(ङ) सचिव, मन्त्रालय............................................................................ सदस्य

(च) सचिव, अर्थ मन्त्रालय.................................................................... सदस्य

(छ) प्राज्ञ, आबद्ध युवा तथा प्रविधि प्रवीण सदस्यहरू............................ सदस्य

(ज) उपाध्यक्ष, विश्वविद्यालय अनुदान आयोग ........................................ सदस्य

(झ) कार्यकारी निर्देशक, विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्र ............ सदस्य

(ञ) विज्ञान प्रविधि तथा नवप्रवर्तन परिषद्का विज्ञ सदस्यहरू मध्येबाट दुई जना ......................................सदस्य

(ट) उद्योग वाणिज्य क्षेत्रका केन्द्रीय सङ्गठनका अध्यक्षहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको तीन जना ..सदस्य

(ठ) अध्यक्षले तोकेको उपाध्यक्ष .................................... सदस्य-सचिव

१३. <u>प्राज्ञ सभाको बैठक:</u> (१) सभाको बैठक सामान्यतया वर्षको दुई पटक बस्नेछ । तर आवश्यक परेमा सभाको विशेष बैठक बोलाउन सकिनेछ।

(२) प्राज्ञ सभाको सभापतिको अनुपस्थितिमा अध्यक्षले सभाको सभापतित्व गर्नेछन् र अध्यक्षको अनुपस्थितिमा जेष्ठतम उपाध्यक्षले सभापतित्व गर्नेछ।

(३) प्राज्ञ-सभाको संरक्षक/सभापतिले प्राज्ञ सभासँग सम्बन्धित वैज्ञानिक निष्कर्ष, प्राज्ञिक विचार र अनुसन्धानको प्रकृया बाहेक अन्य विषयमा निरीक्षण गर्न वा निर्देशन दिन सक्नेछ। सभाको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

तर गणपूरक संख्याको अभावमा बैठक स्थगित भई पुनः बोलाइएको बैठकमा सभाको सम्पूर्ण सदस्य संख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(४) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ।

(५) सभाको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

तर दफा २७ बमोजिम पदमुक्त गर्ने निर्णय कुल सदस्य संख्याको बहुमतबाट हुनेछ।

(६) आफ्नो वा परिवार सदस्यको स्वार्थ रहेको विषयमा सदस्यले स्वःघोषणा गर्नुपर्नेछ। त्यस्तो प्राज्ञ सभा सदस्यले निर्णय प्रक्रियामा भाग लिन पाउने छैन।

(७) सभाको बैठकको अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१४. <u>सभाको काम, कर्तव्य र अधिकार:</u> सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) प्रज्ञा-प्रतिष्ठानलाई मार्गदर्शन गर्ने;

(ख) प्रज्ञा-प्रतिष्ठानको नीति निर्धारण गर्ने;

(ग) प्रज्ञा-प्रतिष्ठानको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने;

(घ) प्रज्ञा-प्रतिष्ठानको दीर्घकालीन रणनीति तथा योजना स्वीकृत गर्ने;

(ङ) आवश्यकता अनुसार समिति र आयोग गठन गर्ने;

(च) प्रज्ञा-प्रतिष्ठानमा मनोनित प्राज्ञ सदस्यहरूको अनुमोदन गर्ने;

(छ) निर्देशक र लेखापरिक्षक नियुक्तिको अनुमोदन गर्ने;

(ज) वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्देशन दिने;

(झ) ऐनले तोके बाहेकका प्रज्ञा-प्रतिष्ठानको संगठनात्मक संरचना, शाखा, केन्द्र र अन्य निकायको स्थापना, हेरफेर वा खारेजी स्वीकृत गर्ने;

(ञ) महिला तथा विविध विषय क्षेत्रको सन्तुलन कायम हुने गरी प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यको चयन गर्ने;

(ट) प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यले पालना गर्नुपर्ने आचरण, नैतिकता र आचारसंहिता निर्धारण गर्ने;

(ठ) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने;

(ड) सभाले निर्धारण गरेका अन्य कामहरू गर्ने ।

## परिच्छेद-५
## कार्यकारी परिषद

१५. कार्यकारी परिषदको गठनः (१) प्रज्ञा-प्रतिष्ठानको रणनीतिक तथा कार्यकारी निकायको रूपमा देहायका सदस्यहरू भएको एक कार्यकारी परिषद् रहनेछ।

(क) प्रज्ञा-प्रतिष्ठानको अध्यक्ष.............................................. - अध्यक्ष

(ख) उपाध्यक्ष ............................................................... - सदस्य

(ग) प्राज्ञ सभा सदस्यहरूमध्येबाट गोप्य मतदानबाट चयन भएका चार जना ..............................................- सदस्य

(घ) अध्यक्षले तोकेको उपाध्यक्ष................................ - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (ग), बमोजिमका सदस्यहरूको मनोनयन अध्यक्षको सिफारिसमा सभाले पाँच वर्षको लागि गर्नेछ ।

(३) कार्यकारी परिषद्को निर्णयमा आफ्नो वा नातेदारको स्वार्थ रहेको विषयमा सम्बन्धित सदस्यले भाग लिन पाउने छैन।

महावीर पुन
मन्त्री

१६. <u>कार्यकारी परिषद्को बैठकः</u> (१) कार्यकारी परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) कार्यकारी परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ।

(३) कार्यकारी परिषद्को गणपूरक संख्या कुल सदस्य संख्याको पचास प्रतिशत हुनेछ।

(४) कार्यकारी परिषद्को बैठक भत्ता, निर्णय प्रक्रिया र अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

१७. <u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः</u> (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सभाका निर्णय कार्यान्वयन गर्ने, गराउने;

(ख) प्रज्ञा-प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्तावहरू तयार गरी स्वीकृति वा अनुमोदनको लागि सभामा पेश गर्ने;

(ग) सभाबाट समयमै बजेट पारित हुननसकेको अवस्थामा अघिल्लो आर्थिक वर्षको कूल खर्च को एक तिहाईमा नबढ्ने गरी खर्च गर्न स्वीकृत दिन सक्नेछ र सो को अनुमोदन लगतै बस्ने प्राज्ञ सभाबाट गर्नुपर्नेछ;

(घ) प्रज्ञा-प्रतिष्ठानको चल अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने;

(ङ) प्रज्ञा-प्रतिष्ठानको लागि प्रदान गरिएका आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने;

(च) प्राज्ञ सभाको स्वीकृति र नेपाल सरकारको सहमतिमा अन्य सरकारी संघसंस्थालाई प्रज्ञा-प्रतिष्ठानको चल अचल सम्पत्तिको हक हस्तान्तरण सम्बन्धी सम्झौता गर्ने;

(छ) प्रज्ञा-प्रतिष्ठानको वित्तीय व्यवस्थापन, लगानी र कोष परिचालन गर्ने;

(ज) प्रज्ञा-प्रतिष्ठानका लागि आवश्यक पर्ने विनियमको मस्यौदा सभामा पेश गर्ने र सभाबाट स्वीकृत भएपछि लागू गर्ने;

(झ) यस ऐनको उद्देश्य कार्यान्वयन गर्ने सिलसिलामा आन्तरिक कार्य व्यवस्थित गर्न नियममा नखुलेको विषयमा ऐनको प्रतिकूल नहुने गरी आदेश जारी गर्ने;
तर त्यस्तो आदेश त्यसपछि बसेको सभाले स्वीकृत नगरेमा स्वतः बदर हुनेछ।

(ञ) प्रज्ञा-प्रतिष्ठानका वैज्ञानिक, नवप्रवर्तक, प्राविधिक, प्रशासनिक कर्मचारीहरूको लागि आवश्यक योग्यता र दरबन्दी तोक्ने र नियुक्ति गर्ने;

(ट) निर्देशकहरूको नियुक्ति गर्ने;

(ठ) तोकिए बमोजिम अन्य कामहरू गर्ने ।

(२) उपदफा (१) बाहेक कार्यकारी परिषद्ले आफ्नो काम कारवाही प्रभावकारीरूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न सक्नेछ।

महावीर पुन

(३) उपदफा (२) बमोजिमका समितिहरूको काम, कर्तव्य, अधिकार र कार्यविधि कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ।

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद-६

## प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी

१८. **प्रज्ञा-प्रतिष्ठानको अध्यक्षः** (१) अध्यक्ष प्रज्ञा-प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ र प्रतिष्ठानको समग्र सञ्चालन, स्रोत सङ्कलन तथा परिचालन, अनुगमन र नेतृत्वको जिम्मेवारी निर्वाह गर्नेछ ।

(२) अध्यक्ष पदको लागि दफा ८ (१)क. बमोजिमको प्राज्ञ सदस्यले उम्मेदवारी दिनुपर्नेछ।

(३) प्राज्ञ सभाले निर्वाचन मण्डल गठन गरी गोप्य मतदानबाट ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई प्रतिष्ठानको अध्यक्ष नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिस भएको प्राज्ञ सदस्यलाई मन्त्रालयले प्रतिष्ठानको अध्यक्ष पदमा नियुक्ति गर्नेछ ।

(३) मत बराबर भएको अवस्थामा मन्त्रालयले कुनै एक जनालाई अध्यक्ष नियुक्ति गर्न सक्नेछ।

(४) अध्यक्षको कार्यकाल पाँच वर्षको हुनेछ; अध्यक्ष एक कार्यकालको लागि मात्र नियुक्त हुनेछ। निजको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

(५) अध्यक्षको पद रिक्त भएमा वा निज उपस्थित भई काम गर्न नसक्ने भएमा जेष्ठतम् उपाध्यक्षलाई बढीमा तीन महिना अवधिका लागि अध्यक्षको जिम्मेवारी तोक्न सकिनेछ।

(६) दुवै उपाध्यक्षको पद रिक्त भएमा मात्र मन्त्रीले प्राज्ञ सभाका जेष्ठतम निर्वाचित सदस्यलाई बढीमा तीन महिनाका लागि अध्यक्षको जिम्मेवारी तोक्न सक्नेछन्।

१९. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** प्रज्ञा-प्रतिष्ठानको सबै काम कारबाही उपर अध्यक्षको नियन्त्रण रहनेछ र निजले प्रज्ञा-प्रतिष्ठानको काम कारबाहीमा निर्देशन दिन र रेखदेख गर्नुका साथै अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(१) अध्यक्षले सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने;

(२) मन्त्रीको अनुपस्थितिमा प्राज्ञ सभाको अध्यक्षता गर्ने;

(३) प्रज्ञा-प्रतिष्ठानको वार्षिक बजेट र कार्यक्रम कार्यकारी परिषद्मा छलफल गरी स्वीकृतिका लागि सभामा पेश गर्ने;

महावीर पुन

(४) विपद्, महामारी, राष्ट्रिय सङ्कट वा आपतकालीन अवस्थामा तत्काल बैठक बस्न सम्भव नभएमा अध्यक्षले अनुसन्धान र नवप्रवर्तनको क्षेत्रमा खर्च गर्ने गरी प्रतिष्ठानको वार्षिक बजेटको अधिकतम पाँच प्रतिशतसम्म आकस्मिक खर्च गरी कार्यकारी परिषद्बाट अनुमोदन गराउने;

(५) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी तथा सम्झौताको मस्यौदा तयार गरी कार्यकारी परिषद्मा स्वीकृतिका लागि पेश गर्ने र मन्त्रालयको सहमती लिई सम्झौता गर्ने;

(७) प्रज्ञा-प्रतिष्ठानका केन्द्र र अनुसन्धान इकाईहरूको कार्यसम्पादन मूल्याङ्कन गरी प्रतिवेदन कार्यकारी परिषद् समक्ष पेश गर्ने;

(८) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भएका कामहरू बाहेक अन्य कामहरू गर्ने, गराउने र आवश्यकतानुसार कार्यकारी परिषद्बाट अनुमोदन गराउने ।

२०. <u>उपाध्यक्षः</u> (१) प्रज्ञा प्रतिष्ठान अन्तर्गतका विभिन्न केन्द्रहरू बीच प्रभावकारी समन्वय कायम गर्दै अध्यक्षको प्रत्यक्ष निर्देशनमा कार्यसम्पादन गर्न दुई जना उपाध्यक्षहरू रहनेछन्।

(२) प्रतिष्ठानको उपाध्यक्ष नियुक्तिका लागि प्राज्ञ सभाले छनौट समिति गठन गर्नेछ।

(३) प्रतिष्ठानको उपाध्यक्ष पदका लागि इच्छुक दफा ८ (१)क. बमोजिमको प्राज्ञ सदस्यले छनौट समिति समक्ष उम्मेदवारी दर्ता गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता भएका उम्मेदवारहरुमध्येबाट उपाध्यक्ष पदमा नियुक्तिको लागि छनौट समितिले मन्त्रालयमा चार जना उम्मेदवारहरुलाई सिफारिस गर्नेछ।

(५) छनौट समितिबाट सिफारिस भई आएका चार जना उम्मेद्वारहरुमध्येबाट दुई जना प्राज्ञ सदस्यहरूलाई मन्त्रालयले वरिष्ठता निर्धारण गरी नियुक्त गर्नेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त उपाध्यक्षहरूले आधारभूत विज्ञान अनुसन्धान तथा ब्रेन गेन सम्बन्धी र व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कामको नेतृत्व गर्नेछन् ।

(७) उपाध्यक्ष प्रज्ञा-प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(८) उपाध्यक्षको पदावधि पाँच वर्षको हुनेछ । उपाध्यक्ष एक कार्यकालको लागि मात्र नियुक्त हुनेछ ।

(९) उपाध्यक्षले आफू मातहतको निकायको दैनिक प्रशासन, वित्तीय कार्यान्वयन, र कार्यक्रम सञ्चालनको नेतृत्व गर्नेछ।

(१०) उपाध्यक्ष अध्यक्षप्रति उत्तरदायी हुनेछ र अध्यक्ष मार्फत प्राज्ञ सभा तथा कार्यकारी परिषद्प्रति जवाफदेही हुनेछन्।

महावीर पुन

(११) कुनै एक उपाध्यक्षको अनुपस्थितिमा सम्बन्धित उपाध्यक्षले गर्ने काम गर्न अध्यक्षले अर्को उपाध्यक्षलाई जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

तर, कुनै कारणवश दुवै जना उपाध्यक्ष अनुपस्थित भएको अवस्थामा ज्येष्ठ प्राज्ञ सदस्यलाई अध्यक्षले उपाध्यक्षको रुपमा काम गर्न जिम्मेवारी तोक्न सक्नेछ।

(१२) उपाध्यक्षको छनौटको विधि र मापदण्ड प्राज्ञ सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१३) उपाध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

२१. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u> प्रज्ञा-प्रतिष्ठानका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

(क) अनुसन्धान संस्थान र संबन्धित केन्द्रको कार्यक्रम कार्यान्वयनको नेतृत्व गर्ने र आवश्यकता अनुसार निकाय प्रमुखहरूलाई निर्देशन दिने;

(ख) प्रज्ञा-प्रतिष्ठानको अनुसन्धानात्मक र नवप्रवर्तनात्मक कार्यहरूको सञ्चालन, रेखदेख र समन्वय गर्ने;

(ग) प्रज्ञा-प्रतिष्ठानको अनुसन्धान र नवप्रवर्तनको वैज्ञानिक गुणस्तरको अभिवृद्धि गर्ने योजना तथा कार्यक्रम बनाउने;

(घ) वार्षिक बजेटको अधिकतम् दुई प्रतिशतसम्मको आकस्मिक खर्चको स्वीकृति दिन सक्ने र सोको जानकारी अध्यक्ष मार्फत् कार्यकारी परिषदमा अनिवार्य पेश गर्ने;

(ङ) मातहतका पदाधिकारी तथा कर्मचारीहरूको दैनिक कार्य सञ्चालन, बिदा, र साना खरिदको स्वीकृति दिने;

(च) सभाको सदस्य-सचिवको जिम्मेवारी वहन गर्ने उपाध्यक्षले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्ने; सो निर्णय वा आदेशको एक प्रति अध्यक्ष समक्ष पठाउनु पर्नेछ।

(छ) अध्यक्षबाट प्रत्यायोजित अधिकारको प्रयोग गरी प्रतिष्ठानका तोकिएका कार्यहरू सम्पादन गर्ने।

२२. <u>अध्यक्ष र उपाध्यक्षको योग्यताः</u> (१) अध्यक्ष र उपाध्यक्ष हुनका लागि देहायको योग्यता पुगेका व्यक्ति उम्मेदवार हुन सक्नेछन् ।

(क) नेपाली नागरिक भएको र नियुक्तिको बखत पैंसठ्ठी वर्ष ननाघेको।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

(ग) नियुक्ति हुनुअघि तीन वर्षभित्र कुनै राजनीतिक दलको सदस्य वा कुनै निर्वाचनको उम्मेदवार नरहेको र पदमा रहँदा कुनै राजनीतिक दलसँग आबद्ध नहुने,

(घ) विज्ञान, प्रविधि वा नवप्रवर्तनको कुनै विधामा विद्यावारिधि हासिल गरेको,

(ङ) वैज्ञानिक अनुसन्धान वा संस्थाको व्यवस्थापनमा अध्यक्षको हकमा कम्तीमा तीन वर्षको र उपाध्यक्षको हकमा कम्तीमा दुई वर्षको अनुभव भएको,

(च) अन्तर्राष्ट्रिय स्तरको जर्नलमा कम्तीमा दश शोधपत्र प्रकाशित गरेको,

(छ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा कम्तीमा १५ वर्ष सक्रिय अध्ययन अनुसन्धान गरेको,

(ज) मान्यताप्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय वैज्ञानिक पुरस्कार वा सो सरहको मान्यता प्राप्त गरेको,

(झ) कम्तीमा दुई वटा प्रमुख अनुसन्धान परियोजनाको नेतृत्व गरेको,

(ञ) कम्तीमा एक वटा पेटेन्ट वा बौद्धिक सम्पत्ति दर्ता गराएको,

(ट) विश्वविद्यालय वा अनुसन्धान संस्थानमा प्राध्यापक वा वरिष्ठ अनुसन्धानकर्ताको पदमा रही कम्तीमा चार जना विद्यावारिधि शोधार्थीहरूको शोधकार्य सफलतापूर्वक सुपरिवेक्षण गरेको,

(ठ) बौद्धिक चोरी वा अनुसन्धान नैतिकताविपरीतको कार्यमा दोषी नठहरिएको,

(ड) प्रज्ञा-प्रतिष्ठानसँग कुनै ठेक्का पट्टा, आर्थिक लाभ, वा अन्य स्वार्थको द्वन्द नगाँसिएको ।

२३. <u>जिम्मेवारी तोक्न सक्नेः</u> प्रज्ञा-प्रतिष्ठानको अध्यक्षको रिक्त भई प्रतिष्ठानको कार्यसञ्चालनमा बाधा पर्ने भएमा बढीमा तीन महिनाका लागि वरिष्ठतम् उपाध्यक्षले अध्यक्षको रुपमा काम गर्ने गरी मन्त्रीले तोक्न सक्नेछ ।

२४. <u>पद रिक्त राख्न नहुनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको अध्यक्ष वा उपाध्यक्षको पद तीन महिना भन्दा बढी रिक्त राख्न पाइनेछैन ।

२५. <u>पदमुक्त हुनेः</u> (१) पदाधिकारीहरू देहायको अवस्थामा पदमुक्त हुनेछः

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) कानूनी रूपमा अयोग्य ठहरिएमा

(ङ) प्रतिष्ठानको हित बिपरितका कार्यमा सलग्न भएको प्रमाणित भएमा

(२) उपदफा (१) खण्ड (घ) र खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा निजलाई सफाईको मौका दिइनेछ ।

२६. <u>पदबाट हटाउन सकिनेः</u> (१) सभाका कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यले देहायको कुनै आधारमा अध्यक्ष वा उपाध्यक्षलाई पदबाट हटाउन मन्त्री समक्ष लिखित निवेदन दिन सक्नेछन्ः

(क) भ्रष्टाचार वा सार्वजनिक स्रोतको दुरुपयोग,

(ख) अनुसन्धान नैतिकता र आचारसंहिताको उल्लङ्घन,

(ग) स्वार्थको द्वन्द्वमा संलग्नता,

(घ) शारीरिक वा मानसिक अक्षमता,

(ङ) पद अनुकूलको कर्तव्य पूरा नगरेको ।

महावीर पुन

(२) अध्यक्ष वा उपाध्यक्षले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन मन्त्री समक्ष लिखित निवेदन दिएमा मन्त्रीले सभाको कुनै निर्वाचित सदस्यको अध्यक्षतामा मन्त्रालयको सचिव र सभाको एक सदस्य रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(३) छानबिन समितिको सिफारिसमा मन्त्रीले छानबिन अवधिभर बढीमा छ महिनासम्म निजलाई निलम्बन गर्न सक्नेछन् ।

(४) छानबिनको क्रममा आपराधिक कसुर देखिएमा सम्बन्धित निकायमा जानकारी गराउनुपर्नेछ।

(५) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी एक्काइस दिनभित्र आफ्नो प्रतिवेदन मन्त्री समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि मन्त्रीले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(७) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमा दोषी देखिएमा प्राज्ञ सभाले अध्यक्ष वा उपाध्यक्षलाई पदबाट हटाउने छ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(८) अध्यक्ष, उपाध्यक्ष बाहेक प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यहरूलाई आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया प्रज्ञा सभाले तोके बमोजिम हुनेछ ।

(९) यस दफा बमोजिम कुनै पदाधिकारी उपर निलम्वनमा राखी छानबिन शुरु भएमा छ महिनाभित्र अन्तिम निर्णय गरिसक्नु पर्नेछ ।निजले निलम्बन अवधिको आधा पारिश्रमिक पाउनेछ।

(१०) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि मन्त्रीले प्रज्ञा-प्रतिष्ठानको जेष्ठतम् निर्वाचित प्राज्ञ सभा सदस्यलाई जिम्मेवारी तोक्न सक्नेछ।

## परिच्छेद—७

## ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान

२७. <u>ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्रको स्थापना:</u> (१) प्रज्ञा प्रतिष्ठानमा ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्र रहनेछ ।

(२) केन्द्रको प्रमुख तोकिएको प्रज्ञा-प्रतिष्ठानका उपाध्यक्ष हुनेछन ।

(३) केन्द्रमा देहाय बमोजिमका इकाईहरू रहनेछन;

(क) ब्रेन गेन इकाई र

(ख) आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाई।

(४) केन्द्रको संगठनात्मक संरचना, जनशक्ति, पद तथा सेवा-सुविधा तोकिएबमोजिम हुनेछ।

(५) केन्द्रका लागि आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा अन्य सेवा-सुविधा प्रज्ञा-प्रतिष्ठानले उपलब्ध गराउनेछ।

२८. <u>ब्रेनगेन इकाईको काम, कर्तव्य तथा अधिकार</u>: ब्रेन गेन इकाईको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) देश तथा विदेशमा रहेका नेपाली, गैरआवासीय नेपाली तथा विदेशी वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा विशेषज्ञको ज्ञान, सीप, अनुभव, प्रविधि तथा विशेषज्ञतालाई राष्ट्रिय हितमा मुर्त वा अमुर्त रुपमा आकर्षित, परिचालन, पुनःसंलग्न तथा आदानप्रदान गर्ने;

(ख) यस प्रयोजनका लागि तोकिएबमोजिम भ्रमणकारी, अल्पकालीन, आंशिक वा आभासी रूपको नियुक्ति दिन र मन्त्रालय तथा अर्थ मन्त्रालयको सहमतिमा तोकिएको पारिश्रमिक दायरा (ब्यान्ड) भित्र पारिश्रमिक तोक्ने

(ग) फर्केर आउने वा आमन्त्रित विज्ञका व्यक्तिगत अनुसन्धान उपकरणको भन्सार सहजीकरण र तोकिएबमोजिमका सुविधा उपलब्ध गराउने ।

(घ) राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रतिभा परिचालन तथा ज्ञान र प्रविधि हस्तान्तरणका लागि ब्रेन गेन कार्यक्रम, फेलोसिप तथा अन्य उपयुक्त कार्यक्रम सञ्चालन गर्ने;

(ङ) प्रज्ञा-प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रमसँग समन्वय गरी कार्य गर्ने;

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग, निजी क्षेत्र तथा सम्बन्धित अन्य निकायसँग प्रतिभा, ज्ञान, सीप, प्रविधि तथा विशेषज्ञताको आदानप्रदान तथा सहकार्य गर्ने;

(छ) ब्रेनगेनसम्बन्धी कार्यको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गर्ने;

(ज) खण्ड (क) देखि (छ) बमोजिमका कार्यको सञ्चालन, कार्यनीति तथा अन्य व्यवस्था तोकिएबमोजिम गर्ने।

२९. <u>आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईको काम, कर्तव्य तथा अधिकार</u>: आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः

(क) विज्ञान तथा प्रविधिका क्षेत्रमा नयाँ वैज्ञानिक ज्ञान, सिद्धान्त, विधि तथा प्रमाणको सिर्जना, विकास तथा परीक्षण गर्ने तथा त्यस्तो ज्ञानलाई भविष्यमा व्यावहारिक प्रविधि तथा नवप्रवर्तनमा रूपान्तरण गर्न आवश्यक वैज्ञानिक आधार तयार गर्ने;

(ख) वैज्ञानिक स्वतन्त्रता, सत्यनिष्ठा, उत्कृष्टता तथा दीर्घकालीन उपयोगितालाई आधार मानी उच्चस्तरीय आधारभूत वैज्ञानिक अनुसन्धान तथा विकास सञ्चालन गर्ने;

नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, काठमाडौं, नेपाल

(ग) प्रज्ञा-प्रतिष्ठानको नीति, रणनीति तथा अनुसन्धान प्राथमिकताअनुरूप अनुसन्धान तथा विकासका कार्यक्रम सञ्चालन गर्ने;

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्था, विश्वविद्यालय, उद्योग तथा निजी क्षेत्रसँग अनुसन्धान, विकास, ज्ञान तथा प्रविधिको आदानप्रदान तथा सहकार्य गर्ने;

(ङ) आधारभूत विज्ञान तथा सम्बन्धित क्षेत्रमा अनुसन्धान, आविष्कार तथा प्रवर्द्धन गर्ने;

(च) अनुसन्धानबाट प्राप्त ज्ञान, प्रविधि तथा उपलब्धिलाई उपयुक्त क्षेत्रमा हस्तान्तरण तथा उपयोगका लागि सहजीकरण गर्ने;

(छ) अनुसन्धान तथा विकाससम्बन्धी कार्यक्रम, कार्यनीति, सहकार्य, अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम गर्ने।

## परिच्छेद-८

## व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन

३०. व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको स्थापना: (१) वैज्ञानिक ज्ञान, अनुसन्धान परिणाम, सिर्जनात्मक विचार तथा प्रविधिलाई प्रयोगयोग्य नवप्रवर्तन, प्रविधि, उत्पादन तथा सेवामा रूपान्तरण गर्न प्रज्ञा-प्रतिष्ठानमा एक व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र रहनेछ।

(२) केन्द्रको प्रमुख प्रज्ञा-प्रतिष्ठानले तोकेको उपाध्यक्ष हुनेछ।

(३) केन्द्रको संगठनात्मक संरचना, जनशक्ति, पद, भौतिक पूर्वाधार तथा सेवा-सुविधा तोकिएबमोजिम हुनेछ।

(४) केन्द्रमा देहायबमोजिमका इकाईहरू रहनेछन्;

(क) ग्रासरुट नवप्रवर्तन इकाई

(ख) अनुसन्धान तथा विकास, प्रविधि अनुकुलन र नवप्रवर्तन इकाई

(ग) राष्ट्रिय प्राथमिकताका नवप्रवर्तन इकाई

(घ) आवश्यकतानुसारका अन्य इकाई ।

(५) इकाईहरूको ढाँचा, काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

३१. व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको काम, कर्तव्य तथा अधिकार: केन्द्रको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा प्राप्त ज्ञान, अनुसन्धान परिणाम, सिर्जनात्मक विचार तथा सम्भावनायुक्त अवधारणाको परीक्षण, विकास, नमूना तथा प्रोटोटाइप निर्माण गरी उपयोगी प्रविधि, उत्पादन वा सेवामा रूपान्तरण गर्ने;

(ख) अनुसन्धानबाट प्राप्त ज्ञान, प्रविधि तथा नमूनालाई प्रयोगयोग्य प्रविधिमा रूपान्तरण गर्न आवश्यक प्राविधिक विकास, इन्जिनियरिङ, अनुकूलन तथा स्थानीयकरणसम्बन्धी कार्य गर्ने;

(ग) विद्यमान वा आयातित प्रविधिको राष्ट्रिय आवश्यकता, स्रोतसाधन, वातावरणीय अवस्था तथा स्थानीय परिस्थितिअनुकूलता परीक्षण गरी आवश्यक सुधार, अनुकूलन तथा स्थानीयकरण गर्ने;

(घ) विकसित, अनुकूलित वा स्थानीयकृत प्रविधिको प्रयोगात्मक परीक्षण गरी कार्यसम्पादन, विश्वसनीयता, सुरक्षा, लागत तथा उपयोगिताको मूल्याङ्कन, प्रमाणीकरण र आवश्यक सुधार तथा परिमार्जन गर्ने;

(ङ) प्रविधि तथा नवप्रवर्तनको विकास, परीक्षण, मूल्याङ्कन तथा प्रमाणीकरण गर्ने;

(च) प्रविधि तथा नवप्रवर्तनको विकास, हस्तान्तरण, विस्तार तथा प्रयोगात्मक कार्यान्वयनका लागि सहजीकरण गर्ने;

(छ) प्रविधि विकास, अनुकूलन तथा परीक्षणका क्रममा प्राप्त प्राविधिक तथ्य, परीक्षण परिणाम, अनुभव तथा सिकाइको अभिलेखीकरण गरी आगामी अनुसन्धान तथा प्रविधि विकासमा उपयोग गर्ने;

(ज) अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको लागि स्वदेश तथा बिदेशका विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग, निजी क्षेत्र, लगानीकर्ता, स्टार्टअप, नवप्रवर्तक सँग संजाल निर्माण र सहकार्य गर्ने;

(झ) केन्द्रको कार्यसम्पादनका लागि आवश्यक अन्य व्यवस्था, कार्यविधि तथा सहकार्य तोकिएबमोजिम गर्ने।

## परिच्छेद-९

## प्रज्ञा-प्रतिष्ठानको कोष, लेखा तथा लेखा परिक्षण

३२. **प्रज्ञा-प्रतिष्ठानको कोषः** (१) प्रज्ञा-प्रतिष्ठानको एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्: -

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रज्ञा-प्रतिष्ठानको लागि दान, दातव्य र आर्थिक सहायता स्वरूप प्राप्त भएको रकम,

(ग) प्रज्ञा-प्रतिष्ठानले सेवा दिएवापतको आम्दानी, बौद्धिक सम्पत्ती, लगानी तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम

(घ) विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन कोषबाट अनुसन्धान तथा विकास र नवप्रवर्तनका लागि प्रस्ताव पेश गरी सो बमोजिम प्राप्त रकम ।

(३) प्रज्ञा-प्रतिष्ठानको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रज्ञा-प्रतिष्ठानको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछैन ।

(५) प्रज्ञा-प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) कोषको रकम विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित अध्ययन अनुसन्धान र विकास बाहेक अन्य प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछैन ।

(७) प्रज्ञा-प्रतिष्ठानको सबै खर्चहरू उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(८) विदेशी सरकार, द्विपक्षीय वा बहुपक्षीय निकायबाट अनुदान वा सहयोग लिंदा नेपाल सरकारको वैदेशिक सहायतासम्बन्धी नीति र प्रक्रिया पालना गर्नुपर्नेछ र त्यसको अभिलेख अर्थ मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ।

(९) स्रोत नखुलेको वा प्रज्ञा-प्रतिष्ठानको स्वायत्तता, वैज्ञानिक निष्कर्ष वा राष्ट्रिय हितमा प्रतिकूल असर पर्ने शर्त जोडिएको दान, अनुदान वा सहयोग स्वीकार गर्न पाइने छैन।

३३. <u>लेखा र लेखापरीक्षणः</u> (१) प्रज्ञा-प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न प्रज्ञा-प्रतिष्ठानमा छुट्टै आन्तरिक लेखापरीक्षण इकाई रहनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानमा कार्यकारी पद नभएका सदस्यको संयोजकत्वमा एक लेखापरीक्षण समिति रहनेछ।

(४) आन्तरिक लेखापरीक्षण इकाईले सो समितिलाई प्रतिवेदन दिनेछ।

(५) प्रज्ञा-प्रतिष्ठानको रकम दुरुपयोग गरेको ठहरिएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(६) प्रज्ञा-प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(७) लेखापरीक्षणबाट औंल्याइएका बेरुजु फछ्र्यौट लागि कार्ययोजना बनाई लागू गरिनेछ।

३४. <u>काम कारबाही अवैध नमानिनेः</u> प्रज्ञा-प्रतिष्ठानको कुनै पदाधिकारीको स्थान रिक्त भई वा कुनै पदाधिकारीको नियुक्ति वा कुनै अङ्गको गठनमा त्रुटि भई काम कारवाही भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम कारबाई अवैध मानिने छैन ।

## परिच्छेद-१०

## <u>जनशक्ति व्यवस्थापन र पदपूर्ति सम्बन्धी व्यवस्था</u>

३५. <u>वैज्ञानिक तथा कर्मचारी नियुक्तिः</u> (१) प्रज्ञा-प्रतिष्ठानले आवश्यकता अनुसार वैज्ञानिक, प्राविधिक, प्रशासनिक तथा अन्य पदमा नियुक्ति गर्नेछ। वैज्ञानिक, अनुसन्धानकर्ता, नवप्रवर्तक कर्मचारी र प्रशासनिक कर्मचारीको अनुपात कूल संख्याको अनुपात ७५:२५ भन्दा बढी हुनेछैन ।

(२) वैज्ञानिक पदको पदपूर्ति खुला प्रतिस्पर्धाद्वारा समकक्षी विज्ञसहितको पदपूर्ति समितिको सिफारिसमा कार्यकारी परिषद्ले गर्नेछ।

महावीर पुन

(३) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) परियोजना अनुसार वैज्ञानिकको प्रारम्भिक नियुक्ति एक वर्षको परीक्षण अवधिसहित पाँच वर्षको हुनेछ। स्वतन्त्र समकक्षी समीक्षासहितको कार्यसम्पादन मूल्याङ्कनका आधारमा तोकिएबमोजिम स्थायी (टेन्योर) नियुक्ति दिइने वा नवीकरण नगरिने व्यवस्था हुनेछ।

(५) कर्मचारी तथा वैज्ञानिकको स्थायी नियुक्ति, अवकाश, जनशक्ति व्यवस्थापन, बढुवा र सेवा सर्त, सुविधा, पारिश्रमिक र अन्य शर्त तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-११
## विविध

३६. **विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रसँगको सम्बन्धः** (१) प्रज्ञा-प्रतिष्ठानले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी प्रचलित कानूनबमोजिम मन्त्रालयद्वारा स्थापित विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रसँग समन्वय र सहकार्य गर्नेछ ।

(२) विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि नेपाल विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रज्ञा प्रतिष्ठानले प्रस्ताव गरे बमोजिम केन्द्रले औचित्यका आधारमा अनुदान उपलब्ध गराउनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानले उच्चस्तरीय वैज्ञानिक अनुसन्धान, अत्याधुनिक (फ्रन्टियर) प्रविधि विकास, वैज्ञानिक परामर्श र प्राज्ञ प्रणालीको नेतृत्व गर्नेछ।

(४) राष्ट्रिय अनुसन्धान प्राथमिकता निर्धारण, अनुदान वितरण तथा अनुसन्धान संस्थाहरूबीच दोहोरोपन नहुने गरी कार्यविभाजन मन्त्रालयले तोकेबमोजिम हुनेछ।

३७. **अन्तर्राष्ट्रिय भूमिकाः** प्रज्ञा-प्रतिष्ठानले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको वैज्ञानिक प्रतिनिधित्व गर्ने, अन्तर्राष्ट्रिय प्राज्ञिक संस्था वा वैज्ञानिक सम्मेलनमा सहभागी हुने, संयुक्त अनुसन्धान सञ्चालन गर्ने, विश्वप्रसिद्ध वैज्ञानिकलाई आतिथ्य गर्ने, वैज्ञानिक आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय आवश्यकता र औचित्यका आधारमा वैज्ञानिक अभियानमा सहभागी हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा गोपनीयता, सुरक्षा र नैतिक मापदण्ड अपनाउनुपर्ने मापदण्ड तोकिएबमोजिम हुनेछ।

३८. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐन बमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा प्रज्ञा-प्रतिष्ठान वा प्रज्ञा-प्रतिष्ठानको कुनै पदाधिकारीउपर मुद्दा चलाउने वा अन्य कुनै कानुनी कारबाही गरिने छैन।

तर यस दफाको कुनै कुराले भ्रष्टाचार निवारणसम्बन्धी प्रचलित कानून, लेखापरीक्षण वा सार्वजनिक रकमको दुरुपयोगसम्बन्धी दायित्वलाई असर गर्ने छैन।

नेपाल सरकार, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

३९. <u>अधिकार प्रत्यायोजन:</u> (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये नीति तथा बजेट स्वीकृति, पदाधिकारीको नियुक्ति वा पदमुक्तिसम्बन्धी अधिकार, नियम वा विनियम स्वीकृति र कार्यकारी परिषद्का सदस्यको चयन बाहेकका अधिकार कार्यकारी परिषद् वा अध्यक्षलाई लिखित रूपमा प्रत्यायोजन गर्न सक्नेछ; प्रत्यायोजनको अभिलेख राखिनेछ ।

(२) अध्यक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार प्रज्ञा-प्रतिष्ठानको उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार प्रज्ञा-प्रतिष्ठानका कुनै पदाधिकारी वा प्रज्ञा-प्रतिष्ठानको कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४०. <u>नेपाल सरकारसँग सम्पर्क:</u> प्रज्ञा-प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय मार्फत राख्नेछ ।

(२) यस ऐनको उद्देश्य पूर्तिका लागि मन्त्रालयले प्रज्ञा-प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

४१. <u>वार्षिक प्रतिवेदन:</u> प्रज्ञा-प्रतिष्ठानको वार्षिक प्रतिवेदन चार महिनाभित्र सभामा पेश गर्नुपर्नेछ ।

४२. <u>कार्यसम्पादन समीक्षा:</u> प्रज्ञा-प्रतिष्ठानले प्रत्येक वर्ष स्वतन्त्र वैज्ञानिक तथा संस्थागत कार्य सम्पादन समीक्षा बाह्य विज्ञहरूको टोलीद्वारा गराउनेछ र त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

४३. <u>प्रज्ञा-प्रतिष्ठानलाई छुट र सुविधा:</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) प्रज्ञा-प्रतिष्ठानले प्राप्त गरेको दान, दातव्य, अनुदान तथा अनुसन्धान वा शैक्षिक प्रयोजनका गैर-व्यावसायिक आयमा आयकर लाग्ने छैन।

(३) रोयल्टी, इजाजत शुल्क, प्रविधि बिक्री तथा लगानीबाट प्राप्त आयमा प्रचलित आयकर कानूनबमोजिम कर लाग्नेछ;

तर, तोकिएबमोजिम अनुसन्धानमा पुनः लगानी गरिएको आयमा तोकिएबमोजिमको सुविधा पाइनेछ।

(४) प्रज्ञा-प्रतिष्ठानले प्रदान गर्ने अनुसन्धान वा नवप्रवर्तन वृत्ति, वा पुरस्कारमा आयकर लाग्ने छैन ।

(५) प्रज्ञा-प्रतिष्ठानले अनुसन्धान, विकास र नवप्रवर्तनको लागि आयात गर्ने सवारी साधन, वैज्ञानिक उपकरण तथा अनुसन्धान सामग्रीमा नेपाल सरकारका निकाय सरह भन्सार र अन्य कर छुट हुनेछ ।

(६) भन्सार तथा कर छुटमा खरिद गरिएको सवारी साधन वा उपकरण पाँच वर्षभित्र बिक्री गरेमा वा अन्य प्रयोजनमा प्रयोग गरेमा छुट पाएको कर तथा भन्सार महसुल असुल गरिनेछ।

४४. <u>बौद्धिक सम्पत्ति बाँडफाँट:</u> (१) प्रज्ञा-प्रतिष्ठानको पूर्ण वा आंशिक स्रोतबाट सम्पन्न अनुसन्धानबाट सिर्जित बौद्धिक सम्पत्तिको पूर्ण स्वामित्व, प्रयोग र लाभ प्रचलित बौद्धिक सम्पत्ति कानून अनुसार अनुसन्धान गर्ने संस्था, समुह वा ब्यक्तिको हुनेछ।

(२) आविष्कारक वा सिर्जनाकर्तालाई तोकिए बमोजिमको प्राप्त प्रतिफलको हिस्सा उपलब्ध गराइनेछ।

(३) इजाजत वा स्पिन-अफ कम्पनीमा प्रज्ञा-प्रतिष्ठान वा त्यसका वैज्ञानिकको हिस्सा रहँदा स्वार्थको द्वन्द्व घोषणा गर्नुपर्नेछ र त्यस्तो लगानी अर्थ मन्त्रालयको सहमतिमा मात्र गर्न सकिनेछ।

४५. <u>अनुसन्धान नैतिकता तथा अखण्डता:</u> (१) प्रज्ञा-प्रतिष्ठानमा अनुसन्धान नैतिकता तथा जैविक सुरक्षा समिति रहनेछ; मानव वा पशुसँग सम्बन्धित अनुसन्धान सो समितिको स्वीकृति बिना गर्न पाइने छैन।

(२) अनुसन्धान अखण्डताको उल्लङ्घन उपर छानबिन गर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ।

(३) राष्ट्रिय सुरक्षासँग सम्बन्धित अनुसन्धानको गोपनीयता र प्रकाशन तोकिएको प्रक्रियाबमोजिम हुनेछ।

(४) अन्य अनुसन्धान दफा ४ को उपदफा (५) बमोजिम खुला रूपमा प्रकाशन हुनेछ।

४६. <u>अन्तर सरकार समन्वय र समावेशीकरण:</u> (१) प्रज्ञा-प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहका विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी निकायसँग समन्वय गर्न प्रत्येक प्रदेशमा आवश्यकता पुष्टि हुने गरि सम्पर्क बिन्दु (कार्यालय) स्थापना गर्न सक्नेछ। यस्तो निर्णय प्राज्ञ सभाको सदस्य संख्याको बहुमतले अनुमोदन गर्नेछ।

महावीर पुन

(२) प्रज्ञा-प्रतिष्ठानको सदस्यता, नियुक्ति र अनुदानमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र र समुदायको समावेशी प्रतिनिधित्वलाई ध्यान दिइनेछ।

४७. **सदाचार, दण्ड सजाय र पारदर्शिताः** (१) प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी तथा प्राज्ञ सभा र कार्यकारी परिषद्का सदस्यले स्वार्थको द्वन्द्व घोषणा गर्नुपर्नेछ र सम्पत्ति विवरण प्रचलित कानूनबमोजिम पेस गर्नुपर्नेछ।

(२) प्रज्ञा-प्रतिष्ठानले सूचनाको हकसम्बन्धी प्रचलित कानूनबमोजिम सूचनाको स्वतः प्रकाशन गर्नुपर्नेछ र सूचनादाताको संरक्षण गर्नुपर्नेछ।

(३) प्रज्ञा-प्रतिष्ठानको सदस्य वा पदाधिकारीको झुटो परिचय दिने, वा प्राज्ञ सदस्य उपाधि दुरुपयोग गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

४८. **स्वीकृति लिनु पर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछः

(क) दरबन्दी सिर्जना,

(ख) पारिश्रमिक, भत्ता तथा अन्य सुविधाको निर्धारण वा वृद्धि,

(ग) अवकाश सुविधा,

(घ) ऋण वा जमानी,

(ङ) सरकारी अनुदानमा वृद्धि हुने गरी गरिने प्रतिबद्धता।

४९. **नियम, विनियम बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक नियम वा विनियम बनाउन सक्नेछ ।

(२) प्रज्ञा-प्रतिष्ठानले आन्तरिक व्यवस्थापनसम्बन्धी विनियम बनाउन सक्नेछ। तर कर्मचारीको सेवा, शर्त, पारिश्रमिक वा आर्थिक दायित्वसँग सम्बन्धित विनियम मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति बिना लागू हुने छैन।

५०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐन कार्यान्वयन गर्दा कुनै बाधा वा अवरोध परेमा नेपाल सरकारले बाधा अड्काउ फुकाउन सक्नेछ। तर, यसरी बाधा अड्काउ फुकाउँदा यस ऐनको मूल मर्म, प्राज्ञिक स्वायत्तता र संस्थागत स्वतन्त्रतामा प्रतिकूल असर पर्नेछैन।

५१. **खारेजी र बचाउ तथा संक्रमणकालीन व्यवस्थाः** (१) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम स्थापित प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण सम्पत्ति, अधिकार, दायित्व, सम्झौता तथा विचाराधीन कामकारबाही यस ऐन बमोजिम स्थापित प्रज्ञा-प्रतिष्ठानमा सर्नेछ।

(३) उपदफा (१) बमोजिम खारेज भएको ऐन अन्तर्गत बनेका नियम, विनियम यस ऐन बमोजिम नयाँ नियम, विनियम नबनेसम्म यस ऐनसँग बाझिएको हदसम्म बाहेक लागू रहनेछन्।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत कार्यरत कर्मचारीको सेवा, शर्त र सुविधा यस ऐन बमोजिम नयाँ व्यवस्था नतोकिएसम्म यथावत् रहनेछ र निजको आर्जित सेवा अवधि, बिदा तथा अवकाश सुविधा सुरक्षित रहनेछ।

(५) यस ऐन प्रारम्भ हुँदाका बखत खारेज भएको ऐन बमोजिम कायम रहेका प्राज्ञ सदस्यलाई तोकिएको योग्यता परीक्षण पश्चात् संस्थापक प्राज्ञ सदस्य मानिनेछ।

(६) यो ऐन प्रारम्भ भएको बढीमा छ महिनाभित्र प्राज्ञ सभाको पहिलो निर्वाचन तथा अध्यक्ष र उपाध्यक्षको नियुक्ति सम्पन्न गर्नुपर्नेछ। सो नभएसम्म मन्त्रालयले तोकेको पाँच सदस्यीय अन्तरिम व्यवस्थापन समितिले प्रज्ञा-प्रतिष्ठानको काम गर्नेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रर्वतन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**महावीर पुन**
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रर्वतन मन्त्रालय